
# संघर्षशील महिला
# लिला कोइराला



जन्म मिति : वि.सं. १९९५

# संघर्षशील महिला : लिला कोइराला


- उषाकला तिम्सेना

परिवर्तनको आन्दोलनमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने नेपाली महिलाहरुमध्ये अगाडी आउने नाम हो, लिला कोइराला । वि.सं. १९९५ मा विराटनगरको जमिन्दार परिवारमा जन्मिएकी लिलाले राजनिती कर्मघर मा आएर सिक्नुभयो । कलिलो उमेरमा उहाँको विवाह भयो । राणाविरोधी आन्दोलनमा लाग्नु भएका सरोज कोइरालासँग २००८ सालमा विहे गरेर मिथिलानगर जनकपुरमा आइपुग्नु भयो । ६० वर्ष अघि उहाँले गरेको विहे कम्युनिष्टहरुले भूमिगत कालमा गर्ने विवाह जस्तै सामान्य रुपमा सम्पन्न भएको थियो । २००४ देखि २००८ सम्म बन्दि जीवन व्यतित गरेर बाहिर निस्कनुभएका सरोज कोइर ालाले उतिखेर विवाहका लागि सुरक्षित स्थानका रुपमा बनारस रोज्नु भएको थियो ।

लिलालाई लिएर उहाँको पिता लगायतका आफन्तजन बनारस पुगे । जव वैवाहिक विधी पुर्णत प्रगतिसिल हुने कुरा भयो, तव उहाँको पिताजीको चित्त बुझेन । उहाँले, 'यस्तो पनि विहे हुन्छ ? म मेरी छोरी दिन्न । छोरी लिएर फर्कन्छु ' भन्नु भयो । तर विवाह भयो । 'विराटनगरको जोगवनीमा २००६ सालमा राणाशासन विरुद्ध सभा भएको थियो । त्यहाँ टंकनाथ आचार्य, मनमोहन अधिकारी र विपी कोइराला आदि संलग्न हुनुहुन्थ्यो ।' लिला सम्झिनुहुन्छ । २००८ मा विवाह गरेपनि उहाँले त्यतिखेरसम्म माध्यमिक शिक्षा पुरा गर्नुभएको थिएन । उमेर पनि कति नै पुगेको थियो र ? उहाँले २०१० मा एसलसी दिनुभयो । तर औपचारिक शिक्षामा पुर्णविराम पनि त्यहीँबाट लाग्यो । राणाशाही को अन्त्य र प्रजातन्त्रको स्थापना भएपनि भनेजस्तो सजिलो थिएन । अझ २०१७ पछि त परिवारमा संकट माथी संकट थपिए ।

उहाँ जीवन सहयोद्वा सरोज कोइरालासँगै ८ वर्ष इजरायलमा पनि बस्नुभयो । पंचायति व्यवस्थाविरुद्ध आन्दोलन चलिरहेकै थियो । घरमा प्रहरी, प्रशासनका मान्छे त कति आउँथे कति । भुमिगत आन्दोलनका कारण सरोज प्राय भारततिरै बस्ने गर्नुहुन्थ्यो । मधुमणी, सितामणीमा बसेर आन्दोलनको जनाधार

निर्माण गरिरहनुभएको थियो । त्यसबखत राजनितीमा सक्रिय प्राय सबै भारत आउजाउ गरिरहन्थे । तिन छोरी र एक छोराको पालनपोषणको जिम्मेवारी भने लिलाले नै सम्हाल्नु परेको थियो । २०३० कात्तिक २ गते पंचायतले जलेश्वर कारागारका कैदी प्रयोग गरेर नेपाल भारत सिमामा सरोज कोइरालाको हत्या गरायो । निरंकुश सरकारको विरुद्धमा लागेको मान्छे, जीवनको कुनै निश्चिन्तता त थिएन तर त्यति निस्कृष्ट ढंगले राज्यले हत्या गर्ला भन्ने कल्पना नै थिएन। जनकपुर जयनगर रेलवेका कर्मचारीहरुले खवर जनकपुर ल्याए । ८० वर्षिया सासु , सरोज कोइरालाकी आमा र चार छोराछोरी लिएर लिला कोइराला मधुवनी हस्पिटल पुग्नुभयो । खवरमा सरोज विरामी मात्र हुनुहुन्छ भनिएको थियो तर उहाँले हस्पिटल पुगेपछि मात्र यो कुरो थाहा पाउनुभयो । सरोजको मृत्यु भइसकेको रहेछ ।

त्यो मृत्यु कुनै भवितव्य थिएन । पंचायत शासनसँग बाहेक कसैसँग सरोजको दुस्मनी थिएन । सरकारको षड्यन्त्र बाहेक हत्याको अर्को कारण थिएन । सरोजको अन्त्येष्टिमा विपी कोइराला, गिरिजा कोइराला र गणेशमान लगायतका नेताहरु उपस्थित हुनुहुन्थ्यो । धार्मिक संस्कार अनुसार छोराले दागवत्ति दिनु पर्ने हुन्थ्यो । तर त्यसो गरिएन । बालक छोरोलाई किन दुख दिनु ? मृत्यु राजनैतिक थियो । सरोजले शहादत प्राप्त गरेका थिए । देश र जनताको पक्षमा हिँडेको मान्छे। राजनैतिक मान्छेको परिवार पनि राजनिती नै हो भनियो र गिरिजाप्रसाद कोइरालाले दागवत्ती दिनुभयो । त्यतिवेला महिलाले किरीया गर्न हुन्न भनिन्थ्यो । त्यसो गरिए पितृहरुले पिण्ड पाउँदैनन् भनिन्थ्यो तर लिलाले श्रीमान्को तेऱ्ह दिने किरीया गर्नुभयो । महिलालाई आज पनि सहज नभएका काम उहाँले ३० सालमै गरी समाजमा एउटा नयाँ थालनी गर्नुभयो । श्रीमानको हत्यापछि मानसिक पिडाले उहाँलाई सताइरह्यो । छोराछोरी र वृद्ध शासुको हेरचाह र लालनपालन गर्न ठुलो कठिनाई झेल्न पऱ्यो । पुलिस र प्रशासनको धरपकड त हुने नै भयो । त्यसमाथी आर्थिक अवस्था पनि सहज भएन । बच्चाको स्कुलको फि तिर्ने पैसा हुदैनथ्यो । अहिलेका तमलोपाका अध्यक्ष महन्थ ठाकुरले उतिखेर बच्चाका स्कुल र ट्युसनको समेत पैसा तिरिदिन्थे । आज पनि लिलाले ठाकुरको त्यो गुण बिर्सनुभएको छैन ।

जति आपतविपत आइपरेपनि त्यसलाई झेलेर उहाँले राजनैतिक गतिविधीमा निरन्तरता दिइरहनुभयो । जनतालाई सार्वभौम बनाउनु थियो । यसविचमा पटकपटक गरेर चार वर्ष जेल बस्नुभयो लिला । सर्लाहीको मलंगवा महिला जेलमा मात्र २ वर्ष बस्नुभयो । मनमोहन अधिकारी र भरतमोहन अधिकारी उहाँका सानिमाका छोराहरु हुन् । २०४६ फाल्गुन महिनामा पुलिसले लिलालाई गिरफ्तार गऱ्यो । उतिखेर संचारको विकाश आजको जस्तो भएको थिएन । जिल्ला अदालतले पुर्जि दिएर थुनेको थियो । पछि प्रजातन्त्रको घोषणासँगै उहाँ रिहा हुनुभयो । जिल्ला न्यायधिसले कालो चिया खुवाएर टेलिभिजन खोलेर देखाइदिए । टिभीमा कृष्णप्रसाद भटराई, गिरीजाप्रसाद कोइराला र सहाना प्रधान राजा विरेन्द्रसँगै वार्ता गरिरहेका दृश्य र प्रजातन्त्रको वहाली भएको खवर आइरहेको थियो । लिला खुशीले गदगद हुनुभयो ।

आफ्ना दाजुहरु र सँगै पढेका अन्य साथीहरु २०४८ का आमनिर्वाचनमा सांसद हुदा लिलालाई अझ रमाइलो लाग्यो । आखिर जनताकै विजय हुँदोरहेछ भन्ने लाग्यो उहाँलाई तर अहिलेसम्म पनि जनताको स्तर दिनदिनै खस्किरहेको छ र देशले गति लिन नसकेकोमा उहाँलाई चिन्ता छ । प्रजातन्त्र स्थापना पछि २०४८ मा आम चुनाव भयो । लिला कोइराला धनुषा क्षेत्र नं २ बाट विजयी हुनुभयो र फेरी २०५१ मा मध्यावधी भयो । त्यसमा पनि उहाँ पुन विजयी हुनुभयो । तत्पश्चात् महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । लिलाले त्यही मन्त्रालय सम्हाल्नुभयो । महिला मन्त्रीको हैसियतले विभिन्न देशको कार्यक्रममा पुग्नुभयो ।

एकपटक जापान भ्रमणमा जाँदा जापानको विकाश देखेर लिलालाई अर्को उत्साह थपिएको थियो । अनि, जापानको प्रगतिको मौलिक तरिका के हो भनेर उहाँले जापानी प्रधानमन्त्रीसँग जिज्ञासा राख्नुभयो हामीले सबैभन्दा धेरै लगानी शिक्षामा गरेका छौं ।' प्रधानमन्त्रीको जवाफपछि उहाँलाई लाग्यो, 'हाम्रो देशको शैक्षिक अवस्थामा पनि व्यापक परिवर्तन गर्नुपर्छ । गुणस्तरिय शिक्षाविना मुलुक कहिल्यै फेरिन्न ।'

२०५६ मा आम निर्वाचन भयो । डा. असर्फी शाह, जो विचारले राजावादी थिए, धनुषा क्षेत्र नं २ मा चुनाव लड्न गए । पैसा मनग्य खर्च

गरे । कोइरालालाई लाग्यो, 'राजावादीले जिते भने राम्रो हुन्न बरु एमालेले जिते हुन्थ्यो ।' भयो पनि त्यस्तै । काँग्रेस उमेद्वार लीलाले चुनाव हार्नुभयो । एमालेका योगनारायण यादवले चुनाव जित्नुभयो । उहाँले चुनाव परिणाम घोषणा भएलगत्तै विज्ञप्ति जारी गर्नुभयो 'सहकार्य गरेको लोकतन्त्र पक्षधर एमालेको जित मेरो पनि जित हो ।' असर्फीको हार उहाँलाई अहिले पनि प्रतिकात्मक लाग्छ ।

२०५२ पछि देशमा फैलिएको द्धन्दले मुलुकलाई नराम्रोसँग गाँज्दै लग्यो । यसले लिलालाई पनि चिन्तित बनायो । उहाँले काँग्रेसको केन्द्रीय नेताको हैसियतमा गर्न सक्ने जति कुराहरु गर्नुभयो । फेरिँदो समयसँगै राजाले कार्यकारी अधिकार आफ्नो हातमा लिएर लोकतन्त्रमाथी घात गरेपछि दलहरु सडकमा ओर्लिए । बृद्ध शरिर भएपनि युवा जोश बोकेर लिला पनि सडकमै आउनुभयो । दशौंपटक पक्राउ पर्नुभयो । ०६२/०६३ सालको संयुक्त जनआन्दोलनपनि सफल भयो । आन्दोलन सफल भएपछि उहाँलाई लाग्यो, अब देशमा गणतन्त्र आएको छ, गणतन्त्रले सार्थकता पाउनुपर्छ ।

त्यत्रो आन्दोलनपछि फेरी तराइ आन्दोलन भयो । आम जनता उत्रिएको आन्दोलनमा लिलाको पनि समर्थन थियो । तराई नै थातथलो भएका कारण र पटकपटक तराइभुमीबाट निर्वाचित भएकाले पनि त्यो उहाँको कर्तव्य नै थियो । त्यही भएर उहाँ आज पनि भन्नुहुन्छ, 'काँग्रेस नेतृत्वले तराई आन्दोलनको मुल भावनालाई सम्वोधन गर्न ढिलो गर्‍यो ।' तर यही आन्दोलनमा जनकपुरमा भएको लिलाको घर तोडफोड गरियो ।

उहाँलाई लाग्यो, 'साम्प्रदायिक रंग वा भावना विशालु हुन्छ । यद्यपि निर्दोस जनभावना तराई आन्दोलनमा भड्काइएको थियो ।' घर मर्मतमा डेढ लाख खर्च लाग्यो तर अहँ लिला कोइरालाले यसको खर्च सरकारसँग माग्नुभएन । संविधानसभा चुनावमा समानुपातिकतर्फ पो उमेद्वार बन्ने कि भनेर पार्टी सभापति गिरीजाप्रसाद कोइरालाले उहाँलाई सोध्नुभएको थियो तर लिला कोइरालाको मनले मानेन । 'म त प्रत्यक्ष रुपमा नै लड्छु' उहाँले गिरीजासँग भन्नुभयो । टिकट नपाउने कुरै थिएन । लामो अनुभव, त्याग, वलिदानी के थिएन उहाँसँग ? संविधानभामा धनुषा, ४ बाट उहाँले उमेद्वारी दिनुभयो । उहाँलाई चुनावमा उठ्दा लागेको थियो, 'लामो राष्ट्रिय र अन्तराष्ट्रिय

अनुभव भएको काँग्रेस र एमालेले नै चुनाव जित्छ । तर नतिजा अलग आयो । व्यक्तिगत रुपमा उहाँले चुनाव हार्नुभयो राजनीतिमा जितहार हुन्छ भनेर स्वभाविक रुपमा लिनुभयो । लिलाले चुनाव हारेपनि आजका दिनमा पनि जनसम्पर्कमा हुनुहुन्छ । उमेरले ७५ नाघ्नुभएकी उहाँ भन्नुहुन्छ, 'पदमा रहँदा मात्रै जनतासँग नजिक रहने होइन ।' युवाहरुले धेरै रुचाएको सामाजिक संजाल फेसबुकमार्फत आज पनि धेरै कार्यकर्ता र नेताहरुविच सम्पर्कमा रहन रुचाउनुहुन्छ ।

अहिले काँग्रेस शक्तिका हिसावमा दोस्रो छ । लिलालाई संविधानसभाको चुनावले माओवादीलाई पहिलो शक्ति बनाएकोमा उति आश्चर्य पनि छैन किनकी त्यही चुनावले गर्दा आज देश हिंसा र आतंकबाट एक प्रकारले मुक्त छ । जसमा उहाँ खुसी हुनुहुन्छ । तर भर्खर राजनीतिमा कखरा सिक्दै गरेको किशोरकिशोरीको जस्तै असन्तुष्टि छ उहाँमा पनि , 'आम जनताले महसुस गर्ने गरी विकाश र प्रगति कहिले हुने ? सफल र समृद्धि देशका रुपमा कहिले स्थापित हुने ? 'जनताले शासकमात्र होइन, शासन पनि फेरिएको दिन देख्न कहिले पाउने । ढिलो पो भइसक्यो त ।' उहाँले सकारात्मक भावना व्यक्त गरिर हनुभएको छ, यसलाई सबैले वुझ्न जरुरी छ ।

■ ■ ■